# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, जेठ १६ गते २०३२ साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले गौर भन्सार कार्यालय अन्तर्गत वारा छोटी भन्सार कार्यालय भवन निर्माण गर्नको लागि नारायणी अंचल, रौतहट जिल्ला, वाराउघोरण गाउं पञ्चायत वार्ड नं. ४ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्वन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व बाटो, पश्चिम खोमारसिं राजपूतको जग्गा, उत्तर रघुनाथसिं राजपूतको जग्गा, दक्षिण नेपाल भारत सिमामा बोर्डर यति चारकिल्लाभित्रको रूपरानीभूमि हार्निका नाउँमा दर्ता भएको कि.नं. १७३ को जग्गा बिगहा ०–११–२ मध्ये ०–२–१० (दुई कट्ठा दश धुर) को मालपोत रू. ६।३८ (छ रुपैयाँ अठतीस पैसा) लागेको कित्ता।

आज्ञाले–

भरतबहादुर प्रधान

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।